दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल

दंगीशरण गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम ९ (१) बमोजिमको कार्यपालिका बैठकको कार्यसूची बुझेको भरपाई

बैठक संख्याः ११/२०८१/०८२ मितिः २०८१/१२/१२

बैठक बस्ने स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ समयः बिहान ७.०० बजे

| क्र.सं. | कार्यसूचि | प्रस्तावक | प्रस्ताव पेश गर्नुको कारण | कैफियत |
|---|---|---|---|---|
| १ | दंगीशरण गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रममाथिको संशोधन प्रस्ताव सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| २ | दंगीशरण गाउँपालिकाको स्थानीय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ३ | दंगीशरण गाउँपालिकाको दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ४ | दंगीशरण गाउँपालिकाको जलचर तथा जलीय जैविक विविधताको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ५ | आर्थिक सहयोग सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ६ | विविध ।<br>(क) कृषि तथा पशु विकासमा आधारित युवा उद्यमशीलता परियोजना (हेफर) को पेश्की फछ्यौंट तथा बजेट निकासा सम्बन्धमा ।<br>(ख) निजी जग्गाबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खननका लागि मेशीनरी प्रयोग गर्न अनुमति दिने सम्बन्धमा ।<br>(ग) करार सेवाका चिकित्सकको तलब सुविधा सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |

प्रस्ताव बुझेको भरपाई

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री पिमा कुमारी वली खड्का | उपाध्यक्ष | [signature] |
| २. | श्री रमेश भण्डारी | वडाध्यक्ष | [signature] |

| | | | |
|---|---|---|---|
| ३. | श्री डम्बर खत्री | वडाध्यक्ष | |
| ४. | श्री सुकलाल चौधरी | वडाध्यक्ष | |
| ५. | श्री कमल थारू | वडाध्यक्ष | |
| ६. | श्री निरज बस्नेत | वडाध्यक्ष | |
| ७. | श्री रोशन जङ्ग शाह | वडाध्यक्ष | |
| ८. | श्री रेशम बहादुर वली | वडाध्यक्ष | |
| ९. | श्री मिना चौधरी | कार्यपालिकासदस्य | |
| १०. | श्री दुर्पति थरूनी | कार्यपालिकासदस्य | |
| ११. | श्री टंकी भण्डारी | कार्यपालिकासदस्य | |
| १२. | श्री चन्दा योगी | कार्यपालिकासदस्य | |
| १३. | श्री कृष्ण कामी | कार्यपालिकासदस्य | |
| १४. | श्री सितारा नेपाली | कार्यपालिकासदस्य | |

दंगीशरण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

दंगीशरण गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम ९ (१) बमोजिम कार्यपालिका बैठकको कार्यसूची

बैठक संख्याः ११/२०८१/०८२ मितिः २०८१/१२/१४

बैठक बस्ने स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ समयः बिहान ७.०० बजे

| क्र.सं. | कार्यसूचि | प्रस्तावक | प्रस्ताव पेश गर्नुको कारण | कैफियत |
|---|---|---|---|---|
| १ | दंगीशरण गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रममाथिको संशोधन प्रस्ताव सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| २ | दंगीशरण गाउँपालिकाको स्थानीय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ३ | दंगीशरण गाउँपालिकाको दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ४ | दंगीशरण गाउँपालिकाको जलचर तथा जलीय जैविक विविधता संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ५ | आर्थिक सहयोग सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ६ | विविध।<br>(क) कृषि तथा पशु विकासमा आधारित युवा उद्यमशीलता परियोजना (हेफर) को पेश्की फछ्र्यौट तथा बजेट निकासा सम्बन्धमा।<br>(ख) निजी जग्गाबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खननका लागि मेशीनरी प्रयोग गर्न अनुमति दिने सम्बन्धमा।<br>(ग) करार सेवाका चिकित्सकको तलब सुविधा सम्बन्धमा।<br>(घ) घोराही गोल्डकप फूटबल प्रतियोगिता २०८१ मा सहभागिता र खर्च सम्बन्धमा।<br>(ङ) दंगीशरण गाउँपालिका समेत ४ जना विरुद्ध समृद्धि कन्स्ट्रक्सन प्रा.लि.को आधिकारिक प्रतिनिधी श्री सुनिल चौधरीद्वारा सम्मानित उच्च अदालत तुलसीपुरमा दायर परमादेश जारी गरिपाउँ भन्ने सम्बन्धको मुद्दामा लिखित जवाफ पेश गर्न प्रतिनिधी तोक्ने सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |

| | | | | |
|---|---|---|---|---|
| | (च) ठेक्का लागेका दंगीशरण गाउँपालिकाको क्षेत्राधिकारभित्रका नदीहरूबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गरी घाटगद्दी गर्न एवं ढुवानीका लागि लोड गर्ने प्रयोजनका लागि मेशीन प्रयोग गर्न अनुमति दिने सम्बन्धमा। | | | |

प्रस्ताव प्रमाणित गर्नेको नामः शम्भु गिरी

पदः अध्यक्ष

दस्तखतः [signature]

शम्भु गिरी
अध्यक्ष

दंगीशरण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

**बैठक नं. ११/२०८१/०८२**

**बैठक बसेको मिति:** २०८१/१२/१४

**बैठक बसेको स्थान:** दंगीशरण गाउँपालिकाको सभा हल

आज मिति २०८१/१२/१४ गतेका दिन दंगीशरण गाउँपालिकाका अध्यक्ष श्री शम्भु गिरीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका सदस्यहरूको उपस्थितिमा दंगीशरण गाउँ कार्यपालिकाको बैठक बसी सर्वसम्मतिबाट निर्णय पारित गरियो ।

**उपस्थिति**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री शम्भु गिरी | अध्यक्ष | |
| २. | श्री पिमा कुमारी वली खड्का | उपाध्यक्ष | |
| ३. | श्री कर्ण बहादुर नेपाली | सचिव | |
| ४. | श्री रमेश भण्डारी | वडाध्यक्ष | |
| ५. | श्री डम्बर खत्री | वडाध्यक्ष | |
| ६. | श्री सुकलाल चौधरी | वडाध्यक्ष | |
| ७. | श्री कमल थारू | वडाध्यक्ष | |
| ८. | श्री निरज बस्नेत | वडाध्यक्ष | |
| ९. | श्री रोशन जङ्ग शाह | वडाध्यक्ष | |
| १०. | श्री रेशम बहादुर वली | वडाध्यक्ष | |
| ११. | श्री मिना चौधरी | कार्यपालिका सदस्य | |
| १२. | श्री दुर्पति थरूनी | कार्यपालिका सदस्य | |
| १३. | श्री टंकी भण्डारी | कार्यपालिका सदस्य | |
| १४. | श्री चन्दा योगी | कार्यपालिका सदस्य | |
| १५. | श्री कृष्ण कामी | कार्यपालिका सदस्य | |
| १६. | श्री सितारा नेपाली | कार्यपालिका सदस्य | |

## मिति २०८१/१२/१४ गते बसेको कार्यपालिका बैठकका निर्णयहरू

**प्रस्ताव नं. १**
आ.व. २०८१/०८२ को वार्षिक योजना तथा कार्यक्रमको संशोधन प्रस्ताव गाउँसभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा

**प्रस्तावको संक्षिप्त व्यहोरा**: दंगीशरण गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको संशोधन प्रस्ताव गाउँसभामा पेश गर्न स्वीकृति प्रदान गर्नुपर्ने भएकोले ।

**हुनु पर्ने निर्णय**: दंगीशरण गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा संशोधनका लागि बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिस बमोजिम स्वीकृतिका लागि दंगीशरण गाउँपालिकाको गाउँसभाको १८ औं अधिवेशनमा पेश गर्न स्वीकृति दिने।

**निर्णय**: माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हेकुली, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

**प्रस्ताव नं. २**
दंगीशरण गाउँपालिकाको स्थानीय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ गाउँसभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोरा**: दंगीशरण गाउँपालिकाको स्थानीय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ स्वीकृतिका लागि गाउँसभामा पेश गर्नुपर्ने भएकोले ।

**हुनु पर्ने निर्णय**: दंगीशरण गाउँपालिकाको स्थानीय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ विधायन समितिको सिफारिस अनुसार स्वीकृतिका लागि दंगीशरण गाउँपालिकाको गाउँसभाको १८ औं अधिवेशनमा पेश गर्न स्वीकृति दिने ।

**निर्णय**: माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

**प्रस्ताव नं. ३**
दंगीशरण गाउँपालिकाको दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ गाउँसभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोरा**: दंगीशरण गाउँपालिकाको दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ स्वीकृतिका लागि गाउँसभामा पेश गर्नुपर्ने भएकोले ।

**हुनु पर्ने निर्णय**: दंगीशरण गाउँपालिकाको दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ विधायन समितिको सिफारिस अनुसार स्वीकृतिका लागि दंगीशरण गाउँपालिकाको गाउँसभाको १८ औं अधिवेशनमा पेश गर्न स्वीकृति दिने ।



०८२।१२।१४

**निर्णय**: माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

**प्रस्ताव नं. ४**
दंगीशरण गाउँपालिकाको जलचर एवं जलीय जैविक विविधता संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ गाउँसभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोरा**: दंगीशरण गाउँपालिकाको जलचर एवं जलीय जैविक विविधता संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ स्वीकृतिका लागि गाउँसभामा पेश गर्नुपर्ने भएकोले ।

**हुनु पर्ने निर्णय**: दंगीशरण गाउँपालिकाको जलचर एवं जलीय जैविक विविधता संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ विधायन समितिको सिफारिस अनुसार स्वीकृतिका लागि दंगीशरण गाउँपालिकाको गाउँसभाको १८ औं अधिवेशनमा पेश गर्न स्वीकृति दिने ।

**निर्णय**: माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठी, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**प्रस्ताव नं. ५**
आर्थिक सहयोग सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोरा**: दंगीशरण गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरूबाट सिफारिस भई आएका तथा गाउँ कार्यपालिकाको कार्यालयमा आर्थिक सहायताका लागि सोझै माग भइआएका व्यक्ति तथा संघसंस्थाहरूलाई माग र औचित्यका आधारमा आर्थिक सहायता उपलब्ध गराउनु पर्ने भएकोले ।

**हुनु पर्ने निर्णय**: विभिन्न कारण खुलाई दंगीशरण गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरूबाट सिफारिस भइआएका तथा गाउँ कार्यपालिकाको कार्यालयमा सोझै निवेदन दिई आर्थिक सहायता माग गरेका तपसिलमा उल्लेखित व्यक्ति तथा संघसंस्थाहरूलाई कारण र औचित्यका आधारमा दंगीशरण गाउँपालिकाको आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि २०७५ अनुसार आर्थिक सहायता उपलब्ध गराउने ।

तपसिल

| क्र.सं. | व्यक्ति वा संस्थाको नाम | ठेगाना | सहायता रकम | कारण | भुक्तानीको अवस्था |
|---|---|---|---|---|---|
| १ | श्री सतगौंवा थारू समाज संघ | देउखुरी दाङ | ६,०००/- | थारू सांस्कृतिक दर्पण | नभएको |
| २ | श्री हस्ती चलाउने | दंगीशरण-६, दाङ | ४,०००/- | घर भत्किएर चोट लागेको | नभएको |
| ३ | श्री नेपाल किसान संघ | दंगीशरण गा.पा. | १०,०००/- | जिल्ला सम्मेलन | नभएको |



०८१/०७/१२
... बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | श्री नेपाल रेडक्रस सोसाइटी | दाङ शाखा | ५०,०००/- | रक्तसञ्चार सेवा सञ्चालन | नभएको |
| ५ | श्री खेलौना चौधरी | दंगीशरण-६, दाङ | १०,०००/- | परालको टौवामा आगलागी | नभएको |
| ६ | नेपाल विद्यार्थी संघ | राप्ती बबई क्याम्पस | १५,०००/- | अधिवेशनका लागि आर्थिक सहयोग | नभएको |

**निर्णयः** भुक्तानी भइसकेकाहरूको भुक्तानी समर्थन गरि भुक्तानी हुन बाँकीहरूलाई भुक्तानी दिने ।

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हेकुली, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

**प्रस्ताव नं. ६**

विविध ।

(क) कृषि तथा पशु विकासमा आधारित युवा उद्यमशीलता परियोजना (हेफर) को पेश्की फछ्यौंट तथा बजेट निकाशा सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** यस दंगीशरण गाउँपालिकासँगको साझेदारीमा सञ्चालित कृषि तथा पशु विकासमा आधारित युवा उद्यमशीलता परियोजना (हेफर) को कार्यक्रम सञ्चालनको लागि दिइएको पेश्की रकम फछ्यौंट गरी थप कार्यक्रम सञ्चालनको लागि बजेट निकाशा गर्नुपर्ने भएकोले ।

**हुनु पर्ने निर्णयः** यस दंगीशरण गाउँपालिकासँगको साझेदारी सञ्चालित कृषि तथा पशु विकासमा आधारित युवा उद्यमशीलता परियोजना (हेफर) लाई कार्यक्रम सञ्चालनका दिइएको पेश्की रकम परियोजना व्यवस्थापन समितिको सिफारिस बमोजिम फछ्यौंट गरी थप कार्यक्रम सञ्चालनका लागि उक्त परियोजनाको लागि विनियोजित रू. १,०६,६५,०००/- मध्ये पेश्की स्वरूप रू. ५३, ३२,५००/- (अक्षरुपी त्रिपन्न लाख बत्तीस हजार पाँच सय रूपैयाँ) उपलब्ध गराउने ।

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

(ख) निजी जग्गाबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खननका लागि मेशीनरी प्रयोग गर्न अनुमति दिने सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** यस दंगीशरण गाउँपालिकाको क्षेत्राधिकारभित्रका निजी जग्गाबाट प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनको सिफारिस बमोजिमको परिमाणमा नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा आदि उत्खननका लागि मेशीनरी प्रयोग गर्न अनुमति दिनुपर्ने भएकोले ।

**हुनु पर्ने निर्णयः** यस दंगीशरण गाउँपालिकाको क्षेत्राधिकारभित्रका निजी जग्गाबाट प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनको सिफारिस बमोजिमको परिमाणमा नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा आदि उत्खनन् गरी घाटगद्दी गर्न तथा ढुवानीका लागि लोड गर्नका लागि ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४(४) बमोजिम मेशीनरी प्रयोग गर्न अनुमति दिने ।

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

०८१।१२।१५

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

(ग) करार सेवाका चिकित्सकको तलब सुविधा सम्बन्धमा।

**प्रस्तावको संक्षिप्त विवरण:** दंगीशरण आधारभूत अस्पतालमा रिक्त मेडिकल अधिकृत पदको लागि यस गाउँपालिकाबाट विज्ञापन आह्वान भई प्रतियोगितात्मक छनौट परीक्षाबाट सिफारिस नियुक्त गरिएका चिकित्सकको पारिश्रमिक तथा तलब सुविधा निर्धारण गर्न आवश्यक भएकोले।

**हुनु पर्ने निर्णय:** दंगीशरण आधारभूत अस्पतालमा रिक्त मेडिकल अधिकृत पदको लागि यस गाउँपालिकाबाट विज्ञापन आह्वान भई प्रतियोगितात्मक छनौट परीक्षाबाट सिफारिस भई नियुक्त गरिएका चिकित्सकलाई यस गाउँपालिकाको करार सेवामा रहेका कर्मचारीहरूको पारिश्रमिक शिर्षकबाट भुक्तानी हुने गरी स्वीकृत दरबन्दीको लागि नेपाल सरकारबाट आठौं तहको चिकित्सकको लागि निर्धारित पारिश्रमिक सेवा सुविधा बापतको रकम भुक्तानी गर्ने ।

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हेकुली, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

**निर्णय:** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने।

(घ) घोराही गोल्डकप फूटबल प्रतियोगिता २०८१ मा सहभागिता र खर्च सम्बन्धमा।

**प्रस्तावको संक्षिप्त व्यहोरा:** घोराही उपमहानगरपालिकाको आयोजनामा सञ्चालन हुने घोराही गोल्डकप फूटबल प्रतियोगिता २०८१ मा सहभागी हुने खेलाडीहरूको टिम दर्ता, ड्रेस, आतेजाते र खाजा खर्च बापतको रकमको व्यवस्था गर्न आवश्यक भएकोले।

**हुनु पर्ने निर्णय:** घोराही उपमहानगरपालिकाको आयोजनामा सञ्चालन हुने घोराही गोल्डकप फूटबल प्रतियोगिता २०८१ मा सहभागिता जनाउने र खेलाडीहरूको टिम दर्ता, ड्रेस तथा खेलाडीहरूलाई आतेजाते र खाजा खर्च प्रति खेलाडी रू. ५००/- का दरले जिल्लामा हुने खेलकूद प्रतियोगितामा सहभागिता तथा सहायता शिर्षकबाट भुक्तानी दिने।

**निर्णय:** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने।

(ङ) दंगीशरण गाउँपालिका समेत ४ जना विरुद्ध समृद्धि कन्स्ट्रक्सन प्रा.लि.को आधिकारिक प्रतिनिधी श्री सुनिल चौधरीद्वारा दायर परमादेश जारी गरिपाउँ भन्ने सम्बन्धको मुद्दामा लिखित जवाफ पेश गर्न प्रतिनिधी तोक्ने सम्बन्धमा।

**प्रस्तावको संक्षिप्त व्यहोरा:** दंगीशरण गाउँ कार्यपालिकाको कार्यालय, हेकुली, दाङ, दंगीशरण गाउँपालिकाका अध्यक्ष श्री शम्भु गिरी, प्रमुख प्रशासकीय अधिकृत श्री कर्ण बहादुर नेपाली र राजश्व शाखा प्रमुख श्री लेखनाथ आचार्य विरुद्ध समृद्धि कन्स्ट्रक्सन प्रा.लि.का आधिकारी प्रतिनिधी श्री सुनिल चौधरीले सम्मानित उच्च अदालत तुलसीपुरमा दायर परमादेश जारी गरी पाउँ भन्ने सम्बन्धको मुद्दामा गाउँपालिका समेतको तर्फबाट लिखित जवाफ पेश गर्न प्रतिनिधी तोक्नुपर्ने भएकोले।

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

**हुनु पर्ने निर्णय**: दंगीशरण गाउँ कार्यपालिकाको कार्यालय, हेकुली दाङ, दंगीशरण गाउँपालिकाका अध्यक्ष श्री शम्भु गिरी, प्रमुख प्रशासकीय अधिकृत श्री कर्ण बहादुर नेपाली र राजश्व शाखा प्रमुख श्री लेखनाथ आचार्य विरुद्ध समृद्धि कन्स्ट्रक्सन प्रा.लि.का आधिकारिक प्रतिनिधी श्री सुनिल चौधरीले परमादेश जारी गरी पाउँ भनि सम्मानित उच्च अदालत तुलसीपुरमा दायर मुद्दामा गाउँपालिकाको कार्यालय हेकुली दाङ समेत ४ जनाको तर्फबाट लिखित जवाफ पेश गर्न यस कार्यालयको कानुनी मामिला इकाईमा कार्यरत अधिकृतस्तर छैटौं तह श्री यादव बहादुर डाँगीलाई प्रतिनिधी तोक्ने।

**निर्णय**: माथि व्यहोरामा लेखिएबमोजिम गर्ने।

(च) ठेक्का लागेका दंगीशरण गाउँपालिकाको क्षेत्राधिकारभित्रका नदीहरूबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गरी घाटगद्दी गर्न एवं ढुवानीका लागि लोड गर्ने प्रयोजनका लागि मेशीन प्रयोग गर्न अनुमति दिने सम्बन्धमा।

**प्रस्तावको संक्षिप्त विवरण**: चालु आ.व. २०८१/०८२ मा ठेक्का लागेका दंगीशरण गाउँपालिकाको क्षेत्राधिकारभित्रका नदीहरूबाट ढुङ्गा, गिट्टी, बालुवा आदि उत्खनन् गरी घाटगद्दी गर्ने तथा ढुवानीका लागि लोड गर्ने प्रयोजनका लागि मेशीनरीको प्रयोग गर्न अनुमति दिनुपर्ने भएकोले।

**हुनु पर्ने निर्णय**: चालु आ.व. २०८१/०८२ मा ठेक्का लागेका दंगीशरण गाउँपालिकाको क्षेत्राधिकारभित्रका नदीहरूबाट ढुङ्गा, गिट्टी, बालुवा आदि उत्खनन् गरी घाटगद्दी गर्ने तथा ढुवानीका लागि लोड गर्ने प्रयोजनका लागि ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४(४) बमोजिम प्रारम्भिक वातावरणीय मूल्याङ्कन प्रतिवेदनले सिफारिस गरेको सीमाभित्र रही तोकिएको परिमाणको लागि मात्र मेशीनरी प्रयोग गर्न अनुमति दिने।

**निर्णय**: माथि व्यहोरामा लेखिएबमोजिम गर्ने।

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

दंगीशरण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३